# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ कार्तिक १७ गते

## पेशा र जातको आधारमा व्यक्तिलाई होंच्याउने परिपाटी यथाशक्य छिटो अन्त्य हुनुपर्ने

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले पेशा र जातको आधारमा मानिसलाई होंच्याउने परिपाटीले व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकारमा आघात पुगेको र यस्तो परिपाटी यथाशक्य छिटो अन्त्य हुनुपर्ने बताउनुभएको छ ।

'नेपाल खड्गी सेवा समिति' ले पेश गरेको ज्ञापनपत्र ग्रहण गर्दै उहाँले सो कुरा बताउनुभएको हो । आफूहरूमाथि जातीय भेदभाव भएको भन्दै खड्गी समुदायको छाता संगठन 'नेपाल खड्गी सेवा समिति' ले सोमबार आयोगका नवनियुक्त पदाधिकारीहरू समक्ष ज्ञापनपत्र बुझाएको हो ।

पेशा र जातको आधारमा आफूहरूमाथि भेदभाव भइरहेको भन्ने खड्गी समुदायको समस्याका सम्बन्धमा अध्यक्ष शर्माले भन्नुभयो, 'व्यक्तिले आफ्नो इच्छाअनुसार थर परिवर्तन गर्न पाउनुपर्छ । यसका लागि कानुनी व्यवस्था हुन आवश्यक छ ।'

सो अवसरमा बोल्दै आयोगका सदस्य प्रकाश वस्तीले पेशा र जातको आधारमा कुनै वर्ग वा समुदायप्रति भेदभाव हुनु दुःखद भएको प्रसंग कोट्याउँदै खड्गी समुदायले भोगेको पहिचानको समस्यलाई आफूहरूले अन्तस्करणबाटै अनुभूत गरेको बताउनुभयो ।

उहाँले सम्मानपूर्वक जीवनयापन गर्न पाउनु आधारभूत मानव अधिकार हो भन्दै कसैमाथि भेदभाव भएमा मानव अधिकार उल्लङ्घन भएको ठहरिन्छ भन्नुभयो ।

आयोगका सदस्य मोहना अन्सारीले खड्गी समुदायले सम्मानपूर्ण जीवनयापन गर्न पाउने वातावरण तयार पार्न सरकारले विशेष कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा बोल्दै 'नेपाल खड्गी सेवा समिति' का अध्यक्ष मनोज नेवाः खड्गी समुदायमाथि भएको भेदभावपूर्ण व्यवहारका कारण आफूहरूमाथि मनोवैज्ञानिक असर परेको बताउनुभयो । अध्यक्ष खड्गीले 'नेपाली बृहत् शब्दकोश' ले खड्गीलाई अपमान गर्ने गरी परिभाषा दिएको दुःखेसो पोख्दै यसलाई अबिलम्व सुधार गर्नुपर्ने माग गर्नुभयो ।

उहाँले कतिपय शब्दकोशहरूमा फारसी शब्द 'कसाई' को अर्थ 'खड्गी' भनेर दिइएको, यस्तो अपमानजनक परिभाषालाई हटाउन तथा नागरिकताको प्रमाणपत्रमा आफ्नो इच्छाअनुसार थर फेर्न पाउँ भनी २०६३ सालदेखि सरकारी निकायहरूमा आफ्ना माग सम्बोधन नभएको बताउनुभयो ।

उहाँले खड्गी समुदायले भोगको समस्या समाधानका लागि सरोकारवाला निकायहरूलाई आवश्यक निर्देशन दिन आयोगका पदाधिकारीहरू समक्ष आग्रह गर्नुभएको छ ।

यसैबीच, आजै आयोगका सदस्यद्वय सुदिप पाठक र गोविन्द शर्मा पौड्यालले कास्कीमा रहेका कारागार तथा हिरासत केन्द्रहरूको अनुगमन शुरु गर्नुभएको छ ।

वेदप्रसाद भट्टराई
कामु सचिव